जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १५८ • २०८३ साल कार्तिक १५ गते आइतबार (1 November, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

नक्कली नोटसहित दुई जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । सिरहामा २५ हजार ५ सय रुपैयाँ बराबरका नक्कली नेपाली नोटसहित दुई जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बुधबार राति करिब ९ बजे सिरहा नगरपालिका-७ स्थित महावीर चोकदेखि शिव चोक जाने हुलाकी सडकखण्डबाट उनीहरू पक्राउ परेका छन् ।

प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार विशेष सूचनाका आधारमा प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले शंकास्पद अवस्थामा पैदल हिँडिरहेका दुई जनालाई रोकेर जाँच गरेको थियो। सोही क्रममा उनीहरूको साथबाट नक्कली नेपाली नोट बरामद भएको छ ।

पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका-८ निवासी ३५ वर्षीय मोहमद मुस्तुफा हुसेन र ३२ वर्षीय समिर मिया रहेका छन् ।

सिरहा प्रहरीले जनाए अनुसार उनीहरूको साथबाट ५०० रुपैयाँ दरका तीन थान र एक हजार रुपैयाँ दरका २४ थान गरी जम्मा २७ थान नक्कली नोट बरामद गरिएको छ । बरामद नोटको कुल मूल्य २५ हजार ५ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।

दुवै जनालाई बरामद नक्कली नोटसहित नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र नक्कली नोटको स्रोत तथा कारोबारमा अन्य व्यक्तिको संलग्नता रहे-नरहेको विषयमा अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

बारामा रास्वपा-एमाले कार्यकर्ताबीच झडप

नवनिर्मित अस्पतालमा तोडफोड तथा आगजनी, प्रहरीको गोली लागेर एकजना घाइते

टुडे समाचारदाता

जनकपुरधाम । बाराको फेटा गाउँपालिकामा नवनिर्मित १५ शैय्याको आधारभूत अस्पताल उद्घाटन गर्ने विषयलाई लिएर शनिबार सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विपक्षी दल नेकपा एमालेका कार्यकर्ता बीच झडप भएको छ। झडपका क्रममा प्रहरीले चलाएको गोली लागेर १५ वर्षीय एकजना किशोर घाइते भएका छन् भने ढुंगामुढाबाट पाँच प्रहरी समेत घाइते भएको जनाइएको छ ।

बारा प्रहरीको गोली लागेर घाइते हुनेमा फेटा गाउँपालिका-३ का आदित्य पासवान रहेका छन् । उनको तिघ्रामा गोली लागेको बताइएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालले दिएको जानकारी अनुसार उनको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ ।

झडपका क्रममा प्रदर्शनकारीले नवनिर्मित अस्पताल परिसरमा तोडफोड गर्नुका साथै १० वटा मोटरसाइकलमा आगजनी गरेका छन् । अस्पताल उद्घाटनका लागि तयार पारिएको टेन्ट र शिलालेखसमेत तोडफोड गरिएको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ ।

उद्घाटन रोक्नुपर्ने विषयमा विवाद

बाराको फेटा गाउँपालिका-३ मा निर्माण सम्पन्न भएको १५ शैय्याको अस्पताल उद्घाटन गरी गाउँपालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम राखिएको थियो । कार्यक्रममा रास्वपाकी प्रतिनिधिसभा सदस्य समीक्षा बास्कोटा सहभागी हुने तय भएको थियो ।

विगतमा विवेकशील साझा पार्टीबाट गाउँपालिका अध्यक्ष निर्वाचित भएका व्यक्ति पछि रास्वपामा समाहित भएपछि फेटा रास्वपाको प्रतिनिधित्व रहेको पालिका बनेको छ ।

स्थानीय प्रशासनले दिएको जानकारी अनुसार अस्पताल उद्घाटन र शिलालेखमा नाम राख्ने विषयलाई लिएर विवाद उत्पन्न भएको थियो । एमालेबाट निर्वाचित पूर्वगाउँपालिका अध्यक्ष अमिरीलाल साह कानुले उद्घाटन रोक्न तथा शिलालेखमा रहेको नाम हटाउन चाहेका थिए । अस्पताल निर्माणको सुरुवात आफू अध्यक्ष हुँदा भएको भन्दै उनले उद्घाटनको विरोध गरेका थिए ।

बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले दिएको जानकारी अनुसार स्थानीय एमाले नेताहरूले कार्यक्रम बिथोल्ने चेतावनी दुई दिनअ घि नै जिल्ला प्रशासन कार्यालयलाई दिएका थिए। विरोधको नेतृत्वमा पूर्वअध्यक्ष साह कानुसहित स्थानीय नेता तथा शिक्षक लालबाबु साहसमेत रहेको प्रशासनले जनाएको छ ।

शिक्षक साह जीतपुरसिमरा उपमहानगरपालिका-४ औराहास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेत हुन् । उनले राजनीतिक रूपमा सक्रिय हुँदै कार्यक्रम बिथोल्ने चेतावनी दिएको विषयमा प्रशासनले दुई दिनअघि नै शिक्षा विकास तथा समन्वय इकाइ बारालाई जानकारी गराएको सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले बताए ।

प्रहरीको लाठीचार्जपछि गोली चल्यो

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एसएसपी ढकालले पूर्वगाउँपालिका अध्यक्षको नेतृत्वमा करिब दुई सय ५० जनाको समूह कार्यक्रमस्थल पुगेपछि विवादले उग्ररूप लिएको बताए । दुई पक्षबीच झडप हुन थालेपछि प्रहरीले भीड नियन्त्रण गर्न लाठीचार्ज गरेको थियो। त्यसपछि प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गर्न थालेपछि प्रहरीले गोली चलाएको छ ।

मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारीले भने भीड नियन्त्रणबाहिर गएपछि प्रहरीले हवाई फायर गरेको बताएका छन् । गोली कसको हतियारबाट चलेको भन्ने विषयमा थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

घटनापछि अस्पताल परिसरमा रहेका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीसमेत भवनभित्रै थुनिएका थिए ।

इन्स्पेक्टरसहत ३८ कर्मचारीको उद्धार

घटनाका क्रममा स्वास्थ्य चौकीको मुख्य भवनमा रहेका प्रहरी निरीक्षक (इन्स्पेक्टर) सहित करिब ३८ जना सरकारी कर्मचारी झन्डै दुई घण्टासम्म थुनिएका थिए। शनिबार बिहान साढे १० बजेदेखि भवनभित्र घेरिएका उनीहरूलाई जिल्ला प्रशासन र सुरक्षाकर्मीको पहलमा सकुशल उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी अधिकारीले जानकारी दिए ।

सो घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी भट्टराईले दिएको जानकारी अनुसार घटनामा संलग्न कसैलाई पनि तत्काल पक्राउ गरिएको थिएन ।

सुनकोशी–मरिण आयोजनाको ठेक्का रद्द, आयोजना थप अन्योलमा

टुडे समाचारदाता

जनकपुरधाम । मधेशको लागि अति नै महत्वाकांक्षी सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध तथा विद्युत् गृह निर्माणका लागि अघि बढाइएको नयाँ ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेका बेला रद्द गरिएको छ।

प्रधानमन्त्री बालेन्द्र साह (बालेन) को सचिवालयको निर्देशनमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र सुनकोसी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका प्रमुख कृष्णप्रसाद रिजाललाई नियन्त्रणमा लिएर टेन्डर प्रक्रिया रद्द गराइएको खुलेको छ।

प्रधानमन्त्रीको सचिवालयको निर्देशनमा प्रहरीले कार्तिक १२ गते दुवै अधिकारीलाई नियन्त्रणमा लिएको थियो । तटबन्धन आयोजनाको निरीक्षणका लागि सिरहा पुगेका महानिर्देशक रजौरियालाई लहानबाट र आयोजना प्रमुख रिजाललाई बर्दिबासस्थित कार्यालयबाट नियन्त्रणमा लिइएको थियो । दुवैलाई सोही दिन काठमाडौं ल्याइएको थियो ।

कार्तिक १३ गते बिहान उनीहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुऱ्याइएको थियो । त्यहाँ प्रधानमन्त्रीको सचिवालयका अधिकारीहरूले दिनभर सुनकोसी मरिण आयोजनाको टेन्डर प्रक्रियाबारे सोधपुछ गरेका थिए । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार टेन्डर प्रक्रिया रद्द गर्ने सहमतिपछि दुवैलाई छाडिएको थियो ।

सुनकोशी- मरिण आयोजनाले बाँध र विद्युत्गृह निर्माणका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । आर्थिक प्रस्ताव कात्तिक १६ गते खोल्ने तयारी थियो । तर, त्यसको दुई दिनअघि अर्थात् कार्तिक १४ गते नै आयोजनाले ठेक्का रद्द गरेको सूचना प्रकाशित गऱ्यो । तालुकदार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ थाइल्यान्डमा रहेका बेला ठेक्का रद्द गरिएको छ।

मन्त्री श्रेष्ठले आयोजनालाई प्राथमिकतामा राख्दै गत साउनभित्रै ठेक्का प्रक्रिया पूरा गर्न विभागलाई निर्देशन दिएका थिए । उनले वैशाख ४ गते मातहतका निकायलाई ३२ बुँदे निर्देशन जारी गर्दै चार महिनाभित्र ठेक्का प्रक्रिया टुंग्याउन भनेका थिए । मन्त्रीको सचिवालय स्रोतका अनुसार ठेक्का लागेलगत्तै आयोजनास्थल अवलोकन गर्ने तयारीसमेत थियो। तर, मन्त्री विदेशमा रहेका बेला ठेक्का प्रक्रिया रद्द भएको छ।

आयोजनाको अन्तर्राष्ट्रिय बोलपत्रमा चीन, भारत र भियतनामका ६ कम्पनी सहभागी थिए। प्राविधिक मूल्यांकनपछि तीन चिनियाँ कम्पनी मात्रै आर्थिक प्रस्तावका लागि छनोट भएका थिए । छनोट हुनेमा चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन, एनेंग-आरसीसी जेभी र सिनोहाइड्रो कर्पोरेसन छन् । बाँकी तीन कम्पनी प्राविधिक मूल्यांकनबाट बाहिरिएका थिए ।

खरिद ऐन संशोधनपछि लागू भएको 'एभरेज बिडिङ' प्रणालीअनुसार आर्थिक प्रस्ताव खोल्ने तयारी थियो । यस व्यवस्थामा योग्य कम्पनीका आर्थिक प्रस्तावको औसत निकालिन्छ र औसत रकमको सबैभन्दा नजिक प्रस्ताव गर्ने कम्पनीले ठेक्का पाउँछ । तीन कम्पनी मात्रै छनोट भएकाले आर्थिक प्रस्ताव खोलिएपछि ठेक्का पाउने कम्पनी टुंगिने अवस्थामा थियो ।

यसअघि पनि सुनकोशी-मरिण आयोजनाको ठेक्का विषयमा शाहले चासो राखेको घटना सार्वजनिक भएको थियो। तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङले काममा ढिलाइ भएको भन्दै पटेल-रमण जेभीसँगको ठेक्का सम्झौता तोड्ने तयारी गर्दा शाहले ठेक्का नतोड्न दबाब दिएको स्रोतको दाबी छ।

त्यतिबेला साहका पूर्वाधार सल्लाहकार रहेका हालका पूर्वाधारमन्त्री सुनिल लम्सालले घिसिङलाई भेटेर निर्माण कम्पनीलाई थप समय दिन आग्रह गरेका थिए । साहको चासोपछि कम्पनीलाई दुई महिना समय दिइएको घिसिङको सचिवालयका एक पूर्वअधिकारीले बताएका छन्। तर, थपिएको समयमा पनि प्रगति नभएपछि आयोजनाले २०८२ मंसिर ८ गते पटेल-रमण जेभीसँगको सम्झौता तोडेको थियो।

२०७९ माघमा काम शुरु गरेको उक्त कम्पनीले २०८४ असारसम्म आयोजना सम्पन्न गर्नुपर्ने थियो । सम्झौता अवधिको करिब ६१ प्रतिशत समय बित्दा भौतिक प्रगति भने १० प्रतिशत हाराहारी मात्रै थियो । १४ अर्ब आठ करोड रुपैयाँमा ठेक्का पाएको कम्पनीलाई सरकारले सम्झौता तोड्दासम्म दुई अर्ब १४ करोड रुपैयाँ भुक्तानी गरिसकेको थियो । कार्यसम्पादन जमानत र अग्रिम भुक्तानीबापतको तीन अर्ब ६० करोड रुपैयाँ बैंक ग्यारेन्टीसमेत जफत गरिएको थियो।

रमण कन्स्ट्रक्सनका सञ्चालक बलराम महतोका छोराको विवाह प्रधानमन्त्री साहका काकाकी छोरीसँग भएको पारिवारिक सम्बन्धसमेत सार्वजनिक भएको छ । यही सम्बन्धका आधारमा शाहले यसअघि ठेक्का जोगाउन पहल गरेको स्रोतको दाबी छ।

१३.१ किलोमिटर लामो सुरुङमार्फत सुनकोशीको पानी सिन्धुलीस्थित मरिण खोलामा पुऱ्याएर मधेशको रौतहट, बारा, पर्सा, सर्लाही, धनुषालगायतका जिल्लामा सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले आयोजना निर्माण भइरहेको छ।

यसैबीच, दुई उच्च सरकारी अधिकारीलाई नियन्त्रणमा लिएर टेन्डर रद्द गराइएको विषयमा प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव सुवाष शर्माले अनभिज्ञता जनाएका छन् । आफू कुनै छलफलमा सहभागी नभएको र आयोजनाबारे जानकारी नभएको बताउँदै उनले सम्बन्धित कर्मचारी तथा सार्वजनिक खरिद अनुगमन कार्यालयसँग बुझ्न सुझाव दिए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

सम्पादकीय

सञ्चारमाथिको दमन बन्द गर

देशमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह(बालेन)को नेतृत्वमा सरकार बनेदेखि सञ्चार क्षेत्रमाथि राज्यले निरन्तर प्रहार गरिरहेको छ । पछिल्लो पटक शुक्रबार साँझ काठमाण्डुस्थित केही सञ्चार गृहको न्युज रुममा प्रहरीले प्रवेश गरी केही सञ्चारकर्मीहरुलाई गैरकानुनी रुपमा पक्राउ गरेको थियो । केहीलाई खोजी गरिरहेको थियो । केहीलाई प्रहरीमा हाजिर हुन चेतावनी दिएको थियो । त्यसअघि सरकारले निजी क्षेत्रका सञ्चार माध्यमहरुलाई दिइने सरकारी विज्ञापनमा पूर्ण रुपमा रोक लगाएको थियो । त्यस अघि काठमाण्डुका प्रमुख सञ्चार गृहहरुको मुल ढोकामा सवारी साधन तेर्स्याएर त्रास दिएको थियो । सरकार गठन भएको आठ महिना भित्र देशमा कयौं ठूला काण्डहरु सार्वजनिक भएका छन् । त्यो सबै काण्डलाई सार्वजनिक गर्ने सञ्चार माध्यमहरु नै हुन् । देशमा सुशासन स्थापना गर्ने प्रधानमन्त्रीको घोषणा सफल हुन सञ्चार माध्यमहरुको स्वतन्त्र, निष्पक्ष भूमिका आवश्यक छ । त्यसका लागि भयरहीत वातावरण अपरिहार्य छ । राज्यले सञ्चार क्षेत्रलाई संरक्षण दिनु पर्छ । लोकतन्त्रलाई जीवन्त राख्न, संविधानको मूल मर्म र भावनाको संरक्षण गर्न सञ्चार माध्यमको अह्म भूमिका छ । तर संविधानले पूर्णतया स्वायतता प्रदान गरेको प्रेसलाई त्रसित बनाएर काम गर्ने वातावरण खोस्ने प्रयास कुनै हालतमा सचेत नागरिकलाई मान्य हुँदैन । प्रेस स्वतन्त्रता कुण्ठित भए देशमा तानाशाहको उदय हुनेछ । सरकारले लोकतान्त्रिक विधि र प्रक्रिया भन्दा हटेर जनअधिकार मास्ने कार्य गर्न हुँदैन । सरकारले गरेको कयौं कार्यहरु कानुन सम्मत भइरहेको छैन । त्यसलाई सच्याउन सचेत गराउने प्रेसमाथि नै आक्रमण गर्नु सरकारको गैरलोकतान्त्रिक कार्य हो । सरकारले सुशासन कायम गर्न कानुनको बाटोबाट अलग हुनु हुँदैन । दुई तिहाइ बहुमत नजिक रहेको सरकारले गर्न थालेको कार्यको सर्वत्र आलोचना हुन थालेको छ । सत्तारुढ दल रास्वपाले पनि प्रेसमाथि भएको आक्रमणको निन्दा गरेको छ । प्रमुख प्रतिपक्ष लगायतका राजनीतिक दल र विभिन्न संघसंस्थाहरुले सरकारी कार्यको विरोध गरेका छन् । यसले सरकारप्रतिको जनसमर्थन निश्चित रुपमा घट्ने छ । प्रेस जगतलाई असुरक्षित बनाएर स्वतन्त्र रुपमा कार्य गर्ने वातावरण सरकारले विथोल्ने प्रयास गरे त्यो कदापी हितकर हुन सक्दैन । नेपालको विभिन्न शासनकालमा प्रेस जगतलाई दमन गर्ने कार्य नभएको होइन । तर परिणाम प्रतिकूल नै भएको छ । ज्ञानेन्द्र शाहले देशको शासन व्यवस्था आफ्नो हातमा लिँदा सञ्चार गृहहरुमा सेना तैनाथ गरिएको थियो । सञ्चार माध्यमहरुको उपकरणहरु सेनाले लगेका थिए । तर उनको शासन धेरै दिन टिक्न सकेन । प्रेसलाई आतंकित बनाउने काम सरकारले कुनैपनि हालतमा गर्न हुँदैन । प्रेस जति स्वतन्त्र भए त्यती नै देशमा सुशासन स्थापना गर्न मद्दत मिल्नेछ ।

समाचारकक्षमा प्रहरीको बुट : सरकारको 'डेड क्याट स्ट्राटेजी'

रामहरि कार्की

कात्तिक १३ गते शुक्रबार दिउँसो ३:३० बजे । अनामनगरस्थित भाटभटेनी नजिकै रहेको मोटिभेट न्युजको कार्यालयमा पत्रकार शोभराज बराल आफ्नो नियमित काममा व्यस्त थिए । त्यही बेला सादा पोसाकका प्रहरी कार्यालयमा पुगे । 'केही कुरा गर्नुपर्ने छ' भन्दै उनलाई समाचार कक्षबाट नियन्त्रणमा लिएर गए ।

त्यसै दिन नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदीलाई पनि नेपाल प्रेसकै समाचार कक्षबाट प्रहरीले नियन्त्रणमा लियो । नेपाल प्रेसका प्रधानसम्पादक मातृका पौडेल र अध्यक्ष विन्दुराज लम्साललाई समेत साइबर ब्युरोमा बोलाइएको खबर सार्वजनिक भयो ।

डिएनए खबरका पत्रकार धिरज बस्नेत पनि पक्राउ परे । यतिले प्रहरीको खोजी रोकिएन । साइबर ब्युरोको नाम लिँदै पत्रकार नवराज मैनालीको खोजीमा प्रहरी नयाँ पत्रिका दैनिकको कार्यालय पुगे । त्यस्तै दियो पोस्टका प्रधानसम्पादक सुदीप विश्वकर्मा र सम्पादक रीता बुढाथोकीलाई खोज्न सादा पोसाकका प्रहरी दियो पोष्टको कार्यालय पुगेको खबर आयो ।

एकै दिन सञ्चारमाध्यमका कार्यालयमा प्रहरीको आवतजावत, पत्रकार पक्राउ र सम्पादकहरूको खोजी । नेपाली पत्रकारिताका लागि यो सामान्य दृश्य थिएन । शुक्रबारका दिन अर्थात हिजो ज्ञानेन्द्रको शाही शासनकालको झझल्को आयो । अझ महत्वपूर्ण कुरा, यो सबै शुक्रबार भएको थियो । शनिबार र आइतबार सार्वजनिक बिदा हुने दिन पारेर पत्रकार र सञ्चारमाध्यमलाई निशानामा पार्न तथा तर्साउन प्रहरी कारबाही भएको सबैले बुझ्न कठिन थिएन । यसले एउटा गम्भीर प्रश्न जन्माएको छ- आखिर पत्रकारहरूले त्यस्तो के लेखेका थिए, जसको जवाफ समाचारको खण्डनबाट नभई, प्रहरीले समाचारकक्षबाटै पत्रकारहरुलाई पक्राउ गर्नुपर्ने अवस्था आयो । यो सबै प्रकरण के कुराको द्योतक हो ?

शुक्रबार राती ९ बजे सञ्चारमन्त्री विक्रम तिमल्सिनाले सामाजिक सञ्जालमार्फत पक्राउ परेका सबै पत्रकारहरू रिहा भएको जानकारी दिए । उनले भने, 'सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध छ । प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिता लोकतन्त्रका आधारस्तम्भ हुन ।'

तर उनको यो भनाई सरकारकै अट्टाहसपूर्ण अभिव्यक्ति र लाचारीका रुपमा दर्ज भयो । त्यासो त यो घटनालाई बुझ्न कात्तिक १३ गतेको प्रहरी गतिविधि मात्रै हेरेर पुग्दैन । त्यसको पृष्ठभूमिमा देशभर चर्चा भइरहेको इनम सापकोटा प्रकरण आइपुग्छ ।

त्यतिबेला इनम सापकोटा प्रकरणले नेपाली समाजको ध्यान खिचिरहेको थियो । देशका प्रतिष्ठित राजनीतिक नेता, कर्मचारी, प्रहरी, व्यापारी र न्यायाधीशसँग उनको सम्बन्धबारे विभिन्न सञ्चारमाध्यममा समाचार छताछुल्ल थिए । ती सम्बन्धको प्रकृति के थियो ? उनी कुन तहसम्म जोडिएका थिए ? सार्वजनिक पदमा रहेका व्यक्तिहरूसँगको उनको सम्बन्धले के-कस्तो प्रश्न जन्माउँथ्यो ?

यी प्रश्नको जवाफ खोज्ने प्रयासमा सञ्चारमाध्यमहरू सक्रिय थिए । सामाजिक सञ्जालमा पनि यही विषयले चर्चा पाइरहेको थियो । आमनागरिक चासोपूर्वक समाचार पढिरहेका थिए । कतिपयले प्रश्न उठाइरहेका थिए । कतिपयले सार्वजनिक जवाफ मागिरहेका थिए । नयाँ पत्रिका दैनिक र दियोपोष्टले यसबारे बिहीबार मात्रै विशेष प्राथमिकतासहित समाचार प्रकाशन गरेको थियो ।

इनम सापकोटा प्रकरण एउटा व्यक्तिको समाचारमा मात्रै सीमित रहेन । यसले राज्यको शक्ति संरचना, राजनीतिक पहुँच, आर्थिक स्वार्थ र प्रभावशाली व्यक्तिहरूबिचको सम्बन्धबारे प्रश्न उठाउन थालेको थियो ।

लोकतन्त्रमा यस्ता प्रश्न उठ्नु अस्वाभाविक होइन । बरु सार्वजनिक पदमा रहेका व्यक्ति र शक्तिशाली समूहको गतिविधिबारे प्रश्न उठ्नु नै लोकतान्त्रिक समाजको स्वस्थ अभ्यास हो । कसैको नाम जोडियो भन्दैमा ऊ दोषी ठहरिँदैन । समाचार प्रकाशित भयो भन्दैमा त्यसमा उल्लेख भएका सबै कुरा स्वतः प्रमाणित पनि हुँदैनन् । तर प्रश्न उठिसकेपछि त्यसको तथ्यपूर्ण जवाफ दिने दायित्व सम्बन्धित पक्षको हुन्छ ।

समाचारमा त्रुटि भए खण्डन गर्न सकिन्छ । कसैको प्रतिष्ठामा आँच आएमा कानुनी उपचार खोज्न सकिन्छ । तर समाचारको विषयवस्तुमाथि जवाफ दिनुको सट्टा समाचार लेख्ने पत्रकार र सञ्चारमाध्यममाथि नै प्रहरी परिचालन हुन थाल्यो भने त्यसले अर्को गम्भीर प्रश्न जन्माउँछ । के लोकतन्त्र र संविधानका आधारभूत मान्यताप्रति सरकार गम्भीर छ ?

इनम सापकोटा प्रकरणमा उठेका प्रश्नको जवाफ खोजिनुपर्ने समयमा पत्रकार पक्राउ र सञ्चारमाध्यममा प्रहरीको खोजीले सार्वजनिक बहसको दिशा नै बदल्ने

जोखिम पैदा गरेको छ ।

सञ्चारमाध्यमको काम सत्ताको प्रशंसा गर्नु होइन । सार्वजनिक सरोकारका विषयमा प्रश्न उठाउनु हो । नागरिकले थाहा पाउनुपर्ने सूचनाको खोजी गर्नु हो । शक्तिमा रहेका व्यक्तिहरूलाई जवाफदेही बनाउनु हो । उनीहरूको भूमिका 'वाच डग'को हुन्छ ।

पत्रकारले लेखेको समाचार गलत हुन सक्छन् । पत्रकार पनि गल्तीबाट मुक्त हुँदैनन् । तर त्यसको समाधान कानुनी प्रक्रियाभित्र हुनुपर्छ । पत्रकारितामा भएका कमजोरीलाई सुधार्ने नाममा प्रहरीको बल प्रयोग गर्नु लोकतान्त्रिक अभ्यास किमार्थ हुन सक्दैन ।

नेपालको संविधान, २०७२ को प्रस्तावनाले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । संविधानको धारा १९ ले सञ्चारको हक सुनिश्चित गरेको छ । यसको अर्थ सञ्चारमाध्यमले जे लेखे पनि कानुनभन्दा माथि हुन्छन् भन्ने होइन । तर सञ्चारमाध्यमले समाचार प्रकाशित गरेकै कारण भय र त्रासमा काम गर्नुपर्ने अवस्था आउनु पनि संविधानको मर्मविपरीत हो । कात्तिक १३ गतेको घटनाले यही संवैधानिक प्रतिबद्धताको परीक्षण गरिरहेको छ ।

पत्रकार पक्राउ पर्नु, सम्पादकहरूलाई साइबर ब्युरो बोलाइनु र सञ्चारमाध्यमका कार्यालयमा प्रहरी पुग्नुको वास्तविक कानुनी आधार के थियो ? प्रहरीले कुन समाचारलाई लिएर अनुसन्धान गरिरहेको थियो ? सम्बन्धित पत्रकारलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरेर बोलाइएको थियो कि कार्यकक्षबाटै नियन्त्रणमा लिइएको थियो ? साथै समाचारको स्रोत पत्ता लगाउन प्रहरी समाचाकक्षमा प्रवेश गर्न मिल्छ वा मिल्दैन ? यी प्रश्नको जवाफ सरकारले टालटुले ढंगले होइन स्पष्ट र सपाट ढंगले दिनैपर्छ ।

तर यस्ता प्रश्न उठिरहेकै बेला अर्को प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ- इनम सापकोटा प्रकरणले उठाएका मूल प्रश्नहरू हराउने त होइनन् ?

नेपाली प्रेसले यसअघि पनि यस्तै अनौठो परिस्थिति भोगेको थियो । असार ३० गते सोमबार बिहानैदेखि नेपाली सञ्चारमाध्यममा एउटा अनपेक्षित घटनाले तरङ्ग ल्यायो । विभिन्न सञ्चारमाध्यमका कार्यालयअगाडि बाटो छेक्ने गरी गाडीहरू तेर्स्याएर राखिएका थिए । सञ्चारमाध्यममा आवतजावत गर्न असहज हुने गरी गाडी राखिएका दृश्य सार्वजनिक हुन थाले ।

ती गाडी कसले राखेका थिए ? किन राखिएको थियो ? त्यसको उद्देश्य के थियो ? सुरुमा केही स्पष्ट थिएन । तर दिउँसो हुँदै जाँदा ती गाडी सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीसँग सम्बन्धित व्यक्तिहरूसँग जोडिएको विवरण सार्वजनिक हुन थाल्यो । त्यति मात्रै होइन, तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापाको घरअगाडि समेत त्यसैगरी बाटो छेक्ने गरी गाडी राखिएको समाचार बाहिरियो ।

यो नेपाली सञ्चार क्षेत्रका लागि मात्रै होइन, समग्र समाजका लागि अनौठा दृश्य थिए । सञ्चारमाध्यमको ढोकाअगाडि गाडी तेर्स्याएर बाटो छेक्नु सामान्य घटना थिएन । त्यसले प्रेस स्वतन्त्रता, नागरिक अधिकार र राज्यको व्यवहारबारे गम्भीर प्रश्न उठाएको थियो ।

तर त्यो घटनाको पृष्ठभूमि पनि उत्तिकै अर्थपूर्ण थियो । त्यसको चार दिनअघि मात्रै मुगुका युवा गणेश नेपालीले त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका थिए । त्यसको दुई दिनपछि कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा राखिएका सुकुमवासीहरू बाढीको चपेटामा परेका थिए । यी घटनामा सरकारको व्यवहारलाई लिएर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा व्यापक आलोचना भइरहेको थियो ।

सरकारले गरेका कामकारबाहीमाथि प्रश्न उठिरहेका थिए । झन्डै दुईतिहाइ नजिकको सरकारको नेतृत्व गरिरहेको बालेन शाह नेतृत्वको मन्त्रिपरिषद् आलोचनाको घेरामा थियो । जनताले अपेक्षा गरेको परिवर्तन र सरकारको कार्यशैलीबिचको अन्तरबारे बहस भइरहेको थियो । ठिक त्यति नै बेला सञ्चारमाध्यमका कार्यालयअगाडि गाडी तेर्स्याइए ।

त्यस घटनाले केही समयका लागि मूल बहसलाई ओझेलमा पार्‍यो । गणेश नेपालीको आत्मदाह प्रयास, सुकुमवासीमाथिको व्यवहार र सरकारको जवाफदेहिताबारे उठिरहेका प्रश्नसँगै अब सञ्चारमाध्यमका कार्यालयअगाडि गाडी कसले राख्यो भन्ने विषयतर्फ सार्वजनिक बहस मोडियो । सरकारमाथि प्रश्न उठीरहेका बेला बहसलाई अन्यत्र मोड्न त्यो घटना सार्थक देखियो । तर त्यसले राज्य सञ्चालकहरुको नियतलाई छताछुल्ल बनाइदियो ।

असारको त्यो घटनालाई अहिले कात्तिक १३ गतेको घटनासँग जोडेर हेर्दा एउटा समानता देखिन्छ- दुवै पटक नेपाली प्रेसको आलोचनात्मक चेतलाई धुमिल बनाउने प्रयास गरियो त्यो पनि प्रत्यक्ष सरकारको सक्रियतामा । तर यी घटनाको समय र पृष्ठभूमिले एउटा थप प्रश्न जन्माएको छ । के सार्वजनिक आलोचनाको केन्द्रमा रहेका विषयबाट नागरिकको ध्यान अन्यत्र मोड्ने सरकारको प्रवृत्ति दोहोरिँदै छ ?

राजनीतिक सञ्चार र जनमत व्यवस्थापनको बहसमा 'डेड क्याट स्ट्राटेजी' भन्ने एउटा अवधारणा चर्चित छ । यसको अर्थ हो- आफूले सामना गरिरहेको असहज प्रश्नबाट जनताको ध्यान हटाउन जानाजान अर्को विवादास्पद विषय अघि सार्नु ।

यस अवधारणालाई बेलायती राजनीतिज्ञ बोरिस जोन्सनले आफ्नो लेखनमा चर्चित बनाएका थिए । यसको व्याख्या गर्दा एउटा टेबलमा गम्भीर विषयमा छलफल भइरहेको कल्पना गरिन्छ । छलफलमा सहभागीहरू एउटा महत्वपूर्ण मुद्दाबारे बहस गरिरहेका हुन्छन् । त्यही बेला कसैले टेबलमा मरेको बिरालो फालिदिन्छ ।

अब त्यहाँ भइरहेको छलफलको विषय बदलिन्छ । सबैको ध्यान मरेको बिरालोतिर जान्छ । कसले ल्यायो ? किन ल्यायो ? कहाँबाट आयो ? कसले फाल्यो ? अब बहसको केन्द्र त्यही बन्छ । पहिले छलफल भइरहेको गम्भीर विषय ओझेलमा पर्छ । आधुनिक राजनीतिक अभ्यासमा यसलाई फरक-फरक ढंगले अभ्यास गरिएको देखिन्छ । सरकारमाथि गम्भीर प्रश्न उठिरहेका बेला अर्को ठूलो विवाद जन्मिन्छ । सञ्चारमाध्यम, सामाजिक सञ्जाल र नागरिकको ध्यान त्यतैतिर मोडिन्छ । यो सबै सुव्यवस्थित ढंगले गरिन्छ । यसलाई हामीले प्रोपोगान्डा शैलीसँग पनि जोडेर हेर्न सक्छौं ।

इनम सापकोटा प्रकरणको चर्चा भइरहेका बेला पत्रकार पक्राउ, सञ्चारमाध्यममा प्रहरीको खोजी र सम्पादकहरूलाई साइबर ब्युरो बोलाइएको घटनाले 'डेड क्याट स्ट्राटेजी'लाई पुनः स्मरण गराई दिएको छ ।

सरकारले यी आशङ्का चिर्ने हो भने घटनाको विवरण सार्वजनिक गर्नुपर्छ । पत्रकारमाथि भएका कारबाहीको कानुनी आधार देखाउनुपर्छ । इनम सापकोटा प्रकरणमा उठेका प्रश्नको निष्पक्ष अनुसन्धान र जवाफदेहिताबाट राज्य पन्छिनु मिल्दैन । शुक्रबार भएको घटनामा नेपाल प्रहरी र सरकारले एक-अर्कालाई दोष देखाएर पन्छिनु किमार्थ मिल्दैन ?

स्पष्ट कुरा के हो भने सरकारको निर्देशन विना यस्तो कार्य सम्भव छैन र हुँदैन ।

आजको मूल प्रश्न पत्रकार पक्राउ परे कि परेनन् भन्ने मात्रै होइन । सञ्चारमाध्यमका कार्यालयमा प्रहरी पुग्यो कि पुगेन भन्ने मात्र पनि होइन । मूल प्रश्न हो- इनम सापकोटा प्रकरणमा उठेका सार्वजनिक सरोकारका प्रश्नहरूको जवाफ के हो ? सरकारका मन्त्री र स्वयं प्रधानमन्त्रीसँगको उनको सम्बन्धबारे सरकार जबाफदेही छ कि छैन ? र, नागरिकका प्रश्नमाथि सरकार जबाफदेही हुनुपर्छ कि पर्दैन ?

देशका प्रभावशाली राजनीतिक नेता, प्रहरी, व्यापारी र न्यायिक क्षेत्रका व्यक्तिहरूसँग जोडिएका भनिएका सम्बन्धहरूको वास्तविकता के हो ? ती सम्बन्धले कुनै सार्वजनिक निर्णय, आर्थिक कारोबार वा राज्यको शक्ति प्रयोगमा प्रभाव पारेका थिए कि थिएनन् ? यदि थिए भने त्यसको छानबिन कसले गर्ने ? यदि समाचारमा आएका विवरण गलत हुन् भने सम्बन्धित पक्षले प्रमाणसहित त्यसको वास्तविकता सार्वजनिक किन नगरेको ? यी प्रश्नको जवाफ पत्रकार पक्राउबाट प्राप्त हुँदैन । प्रहरीको उपस्थितिले पनि प्राप्त हुँदैन ।

शुक्रबार पक्राउ परेका पत्रकारहरू र प्रहरी पुगेका समाचारकक्ष केही दिनपछि फेरि आफ्नो नियमित काममा फर्केलान् । समाचारका शीर्षक फेरिएलान् । सामाजिक सञ्जालमा नयाँ विषयले ठाउँ लेलानन् । तर इनम सापकोटा प्रकरणले जन्माएका प्रश्नहरू त्यत्तिकै हराउन मिल्दैन ।

असार ३० गते सञ्चारमाध्यमका ढोकाअगाडि गाडी तेर्स्याइएका थिए । कात्तिक १३ गते सञ्चारमाध्यमका समाचारकक्षमै प्रहरी पुगे । अर्थात् दृश्य साक्ष्यहरुले के देखाई रहेका छन् भने सत्तापक्ष पहिले ढोकासम्म थियो अहिले समाचारकक्षमा प्रवेश गरिसक्यो । दुवैले नेपाली प्रेसलाई एउटै गम्भीर प्रश्नको सामना गराएका छन्- सत्ता र शक्तिमाथि प्रश्न उठाउँदा प्रेस कति सुरक्षित छ ? हाम्रो लोकतान्त्रिक अधिकार कति सुरक्षित छ ?

जनताको ध्यान केही समयका लागि अन्यत्र मोड्न सकिएला । समाचारको शीर्षक बदल्न सकिएला । सामाजिक सञ्जालको बहसलाई विषयान्तर गर्न सकिएला । तर सार्वजनिक सरोकारका प्रश्नहरूलाई सधैँका लागि दबाउन सकिँदैन । किनकि लोकतन्त्रमा प्रश्नहरू कसैको निजी सम्पत्ति होइनन् । ती नागरिकका साझा अधिकार हुन् । र, कुनै पनि सरकारका लागि सबैभन्दा ठूलो चुनौती आलोचना होइन, आलोचनाबाट भाग्ने प्रवृत्ति हो ।

सरकारको यस्तो छद्म र केटाकेटी शैलीले लोकतान्त्रिक मूल्यप्रतिको उसको प्रतिबद्धता, प्रेस स्वतन्त्रताको सम्मान र जनताप्रतिको उत्तरदायित्वमाथि नै गम्भीर प्रश्न उठाएको छ । लोकतान्त्रिक सरकारको पहिलो दायित्व सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने होइन, स्वतन्त्र र निर्भीक रूपमा काम गर्न सक्ने सुरक्षित वातावरण निर्माण गर्नु हो ।

पत्रकारलाई भय, त्रास र दबाबबाट मुक्त राख्नु हो । तर, विडम्बना ! वर्तमान सरकार ठीक उल्टो बाटोमा हिँडिरहेको छ । उसका गतिविधिले सञ्चारमाध्यममाथि नियन्त्रण जमाउने पुरानै शाहीकालीन मानसिकता फेरि ब्युँताउन खोजेको आभास हुन्छ । फरक यति हो, नियन्त्रणको शैली फेरिएको छ, नियत भने उस्तै देखिन्छ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : शिक्षा र स्वास्थ्यमा गरेको प्रयास सफल बन्नेछ ।
वृष : आजको दिनलाई सदुपयोग गर्नुपर्ने छ । श्रमको मुल्य प्राप्त हुनेछ ।
मिथुन : व्यापारमा नाफा हुनेछ ।
कर्कट : वैदेशिक क्षेत्रमा गरेको लगानीबाट फाइदा हुनेछ ।
सिंह : अनावश्यक यात्रामा समय र पैसा खर्च हुनेछ ।
कन्या : परिवारमा रमाइलो घुमघाम तय हुनेछ ।
तुला : मानसम्मान मिल्नेछ । शिक्षामा प्रगति हुनेछ ।
वृश्चिक : सानो कुराले धेरै सताउने जोखिम रहेको छ ।
धनु : परिवारसंग बसेर रमाइलो गर्ने अवसर मिल्ने छ ।
मकर : पूर्वको यात्रा नगर्नु उचित हुन्छ । एकल लगानीले घाटा हुने जोखिम छ ।
कुम्भः धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिक काम सहजै बन्नेछ ।
मीनः रोजगारीका क्षेत्रमा सहकर्मीसंग विवाद बढ्ने छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्गहोम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	गौतम होटल, बर्दिबास	०४४-५५००३४
आँखा अस्पताल	५२०३९७	जलेश्वर अस्पताल	०४४-५२००७०
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	प्रहरी (जलेश्वर)	०४४-५२०००९
एयर पोर्ट	५९००५८, ५९००५२	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
		विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

१० दिनदेखि बेपता साकेत मृत भेटिए

टुडे समाचारदाता

जनकपुरधाम । गत दस दिनअघि धनुषाको नगराइन नगरपालिका-७ देवडिहाबाट बेपत्ता भएका सात वर्षीय बालक साकेत झा मृत अवस्थामा फेला परेको छ।

विजयादशमीकै दिन अर्थात् गत कार्तिक ४ गते घरबाट निस्किएपछि सम्पर्कविहीन भएका साकेतको शव शनिबारको क्षतविक्षत अवस्थामा फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार बालक हराएको स्थानबाट करिब दुई किलोमिटर उत्तरतर्फ रहेको धान खेतमा क्षतविक्षत अवस्थामा शव फेला परेको छ।

स्थानीय अजय झाका छोरा साकेत घरबाट निस्किएपछि परिवारजन र प्रहरीले निरन्तर खोजी गरिरहेका थिए। खोजीका क्रममा आसपासका गाउँबस्ती, पोखरी तथा झाडीहरूमा समेत अनुसन्धान गरिएको थियो। तर, दस दिनसम्म बालकको अवस्था अज्ञात रहँदै आएकोमा अन्ततः धान खेतमा शव फेला परेको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। बालकको मृत्युको कारण तथा घटनाको वास्तविक परिस्थितिबारे विस्तृत विवरण आउन बाँकी छ। दशैंको खुसीयालीकै दिनदेखि बेपत्ता भएका बालकको शव फेला परेपछि देवडिहा गाउँ शोकमा डुबेको छ।

लुकाई छिपाई राखिएको १० लाखको सामान बरामद

टुडे समाचारदाता

रौतहट । रौतहट प्रहरीले जिल्लाको सदरमुकाम गौरबाट घरभित्रै गोदाम बनाएर लुकाइछिपाइ राखिएका भन्सार छलीका १० लाख रुपैयाँभन्दा बढी मूल्यका सामान प्रहरीले बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले जारी गरेको विज्ञप्तिअनुसार गौर नगरपालिका-१ स्थित मनोज साहको घरमा भन्सार छली गरी ल्याइएका अवैध सामान गोदाम बनाएर लुकाइएको विशेष सूचना प्राप्त भएपछि संयुक्त सुरक्षा टोलीले छापा मारेको थियो।

बिहीबार राति १ बजेर १० मिनेटको समयमा भन्सार सुरक्षा गार्ड गौर (नेपाल प्रहरी), सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौर र गौर भन्सार कार्यालय रौतहटबाट खटिएको संयुक्त टोलीले साहको घरमा कानुनबमोजिम खानतलासी गरेको थियो।

खानतलासीका क्रममा १० लाख १२ हजार २०० रुपैयाँ मूल्य बराबरका साडी, कुर्ती, तन्ना सेट, झुललगायतका लत्ताकपडा तथा खरेटो झाडु र फूल झाडु बरामद गरिएको डीएसपी गौतमले जानकारी दिएका छन्।

बरामद गरिएका सम्पूर्ण सामान आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ।

घरलाई नै गोदाम बनाएर भन्सार छलीका सामान भण्डारण गरिएको सूचनाका आधारमा गरिएको संयुक्त कारबाहीले सीमावर्ती क्षेत्रमा हुने अवैध ओसारपसार नियन्त्रणमा सुरक्षा निकायको सक्रियता बढेको छ।

चक्रवात 'अर्नब'को प्रभावले तीन प्रदेशमा भारी वर्षाको सम्भावना, भोलिदेखि मौसममा केही सुधार हुने

काठमाण्डु । बंगलाको खाडीमा विकसित चक्रवात 'अर्नब'को अवशेष र पश्चिमी वायुको आंशिक प्रभाव हाल देशभर रहेको जनाउँदै मौसम पूर्वानुमान महाशाखाले देशभर अधिकांश स्थानमा बादल लागेको बताएको छ।

अहिले कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा भइरहेको छ भने कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ। आज दिउँसो सबै प्रदेशमा बादल लाग्नेछ।

कोशी, मधेश र बागमती प्रदेशका अधिकांश, गण्डकी प्रदेशका केही तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ।

त्यसैगरी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा हल्का वर्षा तथा कोशी, मधेस र बागमती प्रदेशका एकदुई स्थानमा भारी वर्षा तथा

हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

यसैगरी, शनिबार राति देशभर बादल लाग्नेछ। हिमाली भेगका केही स्थानमा मध्यम वर्षा र हिमपातको सम्भावना छ। कोशी, गण्डकी प्रदेशको पहाडी भागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना छ।

सम्भावित वर्षाका कारण धानबाली भित्राउनेलगायत कृषि कार्य आज र भोलि नगर्न अनुरोध गर्दै महाशाखाले उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी र हिमपहिरोको जोखिम रहेकाले सतर्कता अपनाउन तथा पर्यटकलाई उच्च हिमाली क्षेत्रमा नजान अनुरोध गरेको छ। साथै, त्यस्ता क्षेत्रमा पुगिसकेका पर्यटकलाई मौसम अनुकूल नहुँदासम्म सुरक्षित स्थानमा रहन अनुरोध गरिएको छ।

वर्षासँगै चिसो बढ्न सक्ने, जोखिमयुक्त स्थान र सडक छेउमा पहिरो खस्ने तथा सडक र हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउन र पूर्वतयारी गर्न सर्वसाधारण तथा सम्बन्धित निकायलाई महाशाखाले आग्रह गरेको छ।

साथै, महाशाखाले भोलि अपराह्नदेखि भने यसको प्रभाव क्रमशः कमजोर हुँदै जाने जनाएको छ। रासस

भारी हिमपात र वर्षाले मुस्ताङको जनजीवन प्रभावित, कोरला सडक अवरुद्ध

मुस्ताङ । अर्नब चक्रवातको प्रभावले उपल्लो मुस्ताङमा भारी हिमपात र तल्लो क्षेत्रमा निरन्तर वर्षा हुँदा जनजीवन प्रभावित भएको छ।

हिमपातका कारण कोरला नाका ठप्प भएको छ भने वर्षासँगै पहिरो खस्दा जोमसोम-कोरला सडकखण्ड अवरुद्ध भएको छ।

शुक्रबार रातिदेखि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा बाक्लो हिमपात भइरहेको प्रमुख जिल्ला अधिकारी परशुराम पोखरेलले जानकारी दिनुभयो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङदेखि तल्लो क्षेत्रमा पनि शुक्रबार रातिदेखि नै निरन्तर वर्षा भइरहेको छ।

भारी हिमपात र वर्षाका कारण मुस्ताङ भ्रमणमा रहेका पर्यटक, सर्वसाधारण तथा कोरला नाकामा मालसामान ढुवानीका लागि पुगेका कन्टेनर चालकलाई सुरक्षा सावधानी अपनाउन प्रशासनले अनुरोध गरेको छ।

नेपाल-चीन सीमास्थित कोरला नाका र आसपासका क्षेत्रमा दुईदेखि तीन फिटसम्म हिउँ जमेको लोमान्थाङ गाउँपालिका-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी)ले जनाएको छ।

बीओपीका प्रमुख सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका



अनुसार हिमपातका कारण जोखिम बढेपछि कोरलातर्फको सडकमा सवारीसाधन तथा पर्यटकको आवागमन रोकिएको छ। न्हेचुङबाट कोरला नाका जाने र न्हेचुङबाट जोमसोम झर्ने भन्सार जाँचपास भइसकेका कन्टेनर तथा विद्युतीय सवारीसाधनलाई समेत आवागमन नगर्न भनिएको छ।

मौसम सामान्य नभएसम्म नेपाल-चीन सीमा व्यापार तथा निकासी-पैठारी कारोबार सञ्चालन नगर्न अनुरोध गरिएको सशस्त्र प्रहरी निरीक्षक धितालले बताउनुभयो।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी गुरुङले शुक्रबार रातिदेखि सुरु भएको भारी हिमपात अझै जारी रहेको बताउनुभयो। कात्तिक महिनामै पहिलोपटक यति बाक्लो हिमपात भएको हो। उपल्लो मुस्ताङका बस्ती, खर्क, पाटन र उच्च लेकका क्षेत्र हिउँले ढाकिएका छन्। हिमपातसँगै चिसो बढेपछि स्थानीयको जनजीवन प्रभावित भएको उहाँले बताउनुभयो।

यसैबीच, वर्षाका कारण जोमसोम-कोरला सडकखण्ड पनि अवरुद्ध भएको छ। घरपझोङ गाउँपालिका-४ जोमसोमदेखि माथिको सडक र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ईश्वर महतले राससलाई जानकारी दिनुभयो। रासस

व्यक्तिगत घटना दर्ता प्रणालीबाट मतदाता नामावली अद्यावधिक गरिने

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विवरण लिएर मतदाता नामावली

अद्यावधिक तथा विवरण प्रमाणीकरण गर्ने भएको छ।

निर्वाचन आयोग र विभागबीच व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरण उपयोग गरी मतदाता नामावली अद्यावधिक गर्ने समझदारीअनुरुप सो कार्य अघि बढ्ने भएको हो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समझदारीअनुसार विभागले आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण सुरक्षित प्राविधिक माध्यमबाट आयोगलाई उपलब्ध गराउनेछ।

मतदाता नामावली अद्यावधिक प्रक्रियालाई थप सहज, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले दुई निकायबीच यही कात्तिक १२ गते समझदारीपत्रमा हस्ताक्षर भएको थियो।

विवरणको सुरक्षित आदानप्रदान तथा उपयोगका लागि आवश्यक प्राविधिक प्रणाली विकास, तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम गर्ने व्यवस्था मिलाइने समझदारीपत्रमा उल्लेख छ।

साथै, समझदारी कार्यान्वयनका क्रममा उत्पन्न हुने प्राविधिक विषय समाधान गर्न दुवैपक्षका प्रतिनिधि सम्मिलित संयुक्त प्राविधिक कार्यसमूह गठन गरिनेछ।

यस सहकार्यबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरणको उपयोगमार्फत मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्य थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ। रासस

एनपिएलः लुम्बिनी लायन्स र चितवन राइनोजबीचको खेल स्थगित

काठमाण्डु। तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आज हुने भनिएको लुम्बिनी लायन्स र चितवन राइनोजबीचको खेल स्थगित गरिएको छ। लगातारको झरीले मैदान खेलाउन योग्य नभएपछि लुम्बिनी र चितवनबीचको खेल रद्द गरिएको नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले जानकारी दिनुभयो।

उहाँका अनुसार बिहीबार रातिदेखि परेको वर्षाका कारण कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदान पूरै भिजेको छ। खेल रद्द भएसँगै चितवन र लुम्बिनीले एक-एक अङ्क बाँडेका छन्।

क्यानका अनुसार आज हुने दोस्रो खेलमा विराटनगर किङ्स र सुदूरपश्चिम रोयल्स खेल्ने तालिका छ। उक्त खेल अपरान्ह ५:०० बजेदेखि सुरु हुने पूर्वनिर्धारित तालिका रहेको उक्त खेल पनि वर्षाले प्रभावित हुने सम्भावना छ। यही कात्तिक ९ गतेदेखि सुरु भएको एनपिएल आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुनेछ। रासस

कोप-३१ मा सबै दलको सहभागिता गराउने सरकारको तयारी

काठमाण्डु। संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) मा विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागिता सुनिश्चित गर्न सरकारले तयारी गरेको छ।

प्रधानमन्त्री वालेन्द्र शाहको चाहनाअनुसार जलवायु परिवर्तनका विषयमा साझा धारणा निर्माण गरी अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व प्रभावकारी बनाउन प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सत्तारुढ र प्रतिपक्षी दलका प्रतिनिधिलाई सहभागी गराउने तयारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

यसै विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हिजो विभिन्न दलका प्रमुख सचेतक तथा प्रतिनिधिसँग छलफल भएको थियो। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको उपस्थितिमा भएको छलफलमा आगामी नोभेम्बर ९ देखि २० सम्म टर्किएमा आयोजना हुने कोप-३१ मा नेपालको सहभागिता, सम्मेलनमा उठाउनुपर्ने प्राथमिकताका विषय र राष्ट्रिय हितका सवाललाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने विषयमा छलफल भएको थियो।

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले हिमाली क्षेत्रको संरक्षण, जलवायुजन्य विपद्, जलवायु न्याय, ऊर्जा र जलवायु वित्तका विषयलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष उठाउनुपर्नेमा सरकारले जोड दिएको छ। रासस

चिनियाँ सांस्कृतिक टोली सम्मानित

काठमाण्डु। नेपाल भ्रमणमा रहेको चिनियाँ साहित्यिक एवं सांस्कृतिक प्रतिनिधिमण्डलका सदस्य सम्मानित भएका छन्। देवकोटा लु सुन प्रज्ञा प्रतिष्ठान र एसएस फाउण्डेसनद्वारा यहाँ आयोजित सांस्कृतिक कार्यक्रममा चिनियाँ प्रतिनिधिमण्डल सम्मानित भएका हुन्।

प्रतिनिधिलाई फाउण्डेसनका संरक्षक गीतकार शोभित उप्रेती, फाउण्डेसनका अध्यक्षसमेत रहनुभएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र प्रज्ञा प्रतिष्ठान उपाध्यक्ष मातृका पोखरेलसहितले सम्मान गर्नुभएको हो। जनवादी गणतन्त्र चीनको साहित्यिक एवं सांस्कृतिक टोलीको नेतृत्व 'लु सुन कल्चरल फाउण्डेसन'का अध्यक्ष एवं विश्व प्रसिद्ध साहित्यकार लु सुनका नाति झाउ लिङफेईले गर्नुभएको छ।

संरक्षक उप्रेतीले चिनियाँ सांस्कृतिक एवं साहित्यिक टोलीको नेपाल भ्रमणले यस क्षेत्रमा दुई देशबीच सहकार्य बढ्ने बताउनुभयो।

प्रतिष्ठानका उपाध्यक्ष पोखरेलले मित्रराष्ट्र चीनको सांस्कृतिक एवं साहित्यिक टोलीको भ्रमणले एक अर्काको संस्कृति, साहित्यिक र सभ्यताको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। अध्यक्ष श्रेष्ठले नेपालको कला-संस्कृति विशिष्ट रहेको उल्लेख गर्दै यस क्षेत्रमा आपसी सहकार्य र सहयोग आवश्यक रहेकमा जोड दिनुभयो। कार्यक्रममा नेपाली पहिचान झल्काउने कौडा, हुड्क्यौली र नेवारी नृत्य प्रस्तुत गरिएको थियो।

पन्ध्र सदस्यीय चिनियाँ सांस्कृतिक एवं साहित्यिक टोलीले पाटन दरबार स्क्वायरलगायत उपत्यकाका ऐतिहासिक तथा पुरातात्विक महत्वका ठाँउहरूको भ्रमणसमेत गरेको छ। टोलीलाई शुक्रबार नै नेपाल प्रज्ञा प्रतिष्ठानले स्वागत गरेको थियो। रासस

चिकित्सा सेवा पर्यटन प्रवर्द्धनका लागि कार्यदल गठन गर्ने निर्णय

काठमाण्डु । सरकारले मुलुकलाई क्षेत्रीय 'मेडिकल हब' का रूपमा विकास गर्ने उद्देश्यसहित चिकित्सा सेवा पर्यटन (मेडिकल सर्भिस टुरिजम) प्रवर्द्धनका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा बिहीबार बसेको बैठकले चिकित्सा सेवा पर्यटनको विकास र प्रवर्द्धनका लागि कार्यदल गठन गरी चाँडै काम अघि बढाउने निर्णय गरेको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा भएको बैठकमा सम्बन्धित मन्त्रालयका सचिवहरू तथा निजी अस्पतालका सञ्चालक र प्रतिनिधि सहभागी थिए।

बैठकमा गुणस्तरीय र सुलभ उपचार सेवा लिन नेपाल आउने विदेशी बिरामीका लागि चिकित्सा सेवा पर्यटनलाई व्यवस्थित बनाउने विषयमा छलफल भएको थियो। यसका लागि आवश्यक नियमनकारी संरचना निर्माण गर्ने, अस्पतालको गुणस्तर र बिरामी सुरक्षाको मापदण्ड तय गर्ने, तथा विदेशी बिरामी र उनका सहयोगीका लागि मेडिकल भिसाको व्यवस्था गर्ने विषयमा समेत छलफल भएको थियो।

चिकित्सा सेवा पर्यटनको विकासले विदेशी मुद्रा आर्जनमा मात्र होइन, नेपाली नागरिकलाई उपचारका लागि विदेश जानुपर्ने बाध्यता घटाउन र देशभित्रै विशेषज्ञ सेवा सुदृढ गर्न पनि सहयोग पुग्ने छ।

नेपाललाई चिकित्सा सेवा पर्यटनको भरपर्दो गन्तव्यका रूपमा स्थापित गर्न सरकारले आवश्यक नीतिगत तथा संस्थागत सुधारलाई प्राथमिकतामा राखेको छ। रासस

बाली लगाइएका जमिनबाट पानी निकासको व्यवस्था गर्न आह्वान

काठमाण्डु। कृषि विभागले धानबाली, फलफूल बगैँचा, नर्सरीहरू, तरकारी र उखुबाली लगाइएका जमिनबाट पानी निकासको व्यवस्था गर्न किसानलाई आग्रह गरेको छ।

विभागले विकसित भइरहेको 'अर्नब' चक्रवातका कारण मौसममा आएको फेरबदललाई अध्ययन गरेर किसानलाई वर्षातको अवधिभर पशुचौपायालाई ओसारपसार नगर्न पनि आह्वान गरेको हो।

विभागले कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्रसँग समन्वय गरी राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रमार्फत किसानलाई सचेत गराएको छ। मौसममा आएको प्रतिकूलता कारण खाद्य बालीमा हुने क्षति न्यूनीकरणका लागि बाली नकाट्न तथा भण्डार नगर्न सूचनासहितको एसएमएस किसानलाई पठाएर उच्च सतर्कता अपनाउन आग्रह गरिएको विभागले जनाएको छ।

बिहीबारदेखि मौसममा आएको फेरबदलले देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षा भइरहेको र केही स्थानमा आइतबारसम्म भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

जल तथा मौसम विज्ञान विभागको विश्लेषणका आधारमा विभागले नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको तीन-चार दिनपछि मौसमको अवस्था हेरी काट्न भनेको छ। रासस

पत्रकार पक्राउको विरोधमा प्रदर्शन

टुडे समाचारदाता

जनकपुरधाम । सञ्चारमाध्यमको कार्यालयमा प्रवेश गरी पत्रकारलाई प्रहरीले पक्राउ गरेको घटनाको विरोधमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा पत्रकारहरूले प्रदर्शन गरेका छन् ।

नेपाल प्रहरीले शुक्रबार विभिन्न सञ्चारमाध्यमका कार्यालयमा प्रवेश गरी पत्रकारमाथि गरेको पक्राउको विरोधमा नेपाल पत्रकार महासंघ धनुषा शाखाको नेतृत्वमा शनिबार प्रदर्शन गरिएको हो ।

प्रेस स्वतन्त्रताको रक्षा, पत्रकारको सुरक्षाको प्रत्याभूति तथा सञ्चारमाध्यममाथिको हस्तक्षेप बन्द गर्न माग गर्दै पत्रकारहरू प्रदर्शनमा उत्रिएका हुन् । प्रदर्शनमा सहभागी पत्रकारहरूले स्वतन्त्र पत्रकारितामाथिको हस्तक्षेप कुनै पनि अवस्थामा स्वीकार्य नहुने भन्दै पत्रकारमाथि भएको पक्राउको विरोध गरेका थिए ।

उनीहरूले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएकाले सञ्चारमाध्यम र पत्रकारलाई निर्भीक रूपमा काम गर्ने वातावरण सुनिश्चित गर्न माग गरेका छन् ।

पत्रकारहरूले राज्यका निकायबाटै सञ्चारमाध्यममाथि हस्तक्षेप हुनु प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य मान्यतामाथिको चुनौती भएको भन्दै घटनामा संलग्नमाथि छानबिन गरी आवश्यक कारबाही गर्नसमेत माग गरेका छन् ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र पत्रकारको पेसागत सुरक्षाको मागसहित गरिएको प्रदर्शनमा जनकपुरधामका विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकारहरूको सहभागिता रहेको थियो ।

आर्थिक अनुशासन कायम गर्न मधेशमा नयाँ कार्यविधि लागू

अर्थमन्त्री भ राईले सार्वजनिक स्रोतको सही सदुपयोग, वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्दै प्रदेशलाई बेरुजुमुक्त बनाउने अभियानमा नयाँ कार्यविधि महत्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरेका छन् ।

टुडे समाचारदाता

जनकपुरधाम । सरकारी निकायमा बढ्दै गएको बेरुजु नियन्त्रण तथा आर्थिक अनुशासन कायम गर्न मधेश प्रदेश सरकारले नयाँ कार्यविधि लागू गरेको छ ।

प्रदेश सरकारको अर्थ मन्त्रालयले ' मधेश प्रदेश बेरुजु फछ्र्यौट सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी कार्यान्वयनमा ल्याएसँगै कार्यविधि कार्यान्वयनमा तीव्रता दिएको छ ।

प्रदेशअन्तर्गतका मन्त्रालय, आयोग, सचिवालय, निर्देशनालय, कार्यालय तथा अन्य सार्वजनिक निकायमा वित्तीय जवाफदेहिता, पारदर्शिता र सुशासन कायम गर्ने उद्देश्यले कार्यविधि ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधिले महालेखा परीक्षकको वार्षिक प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका बेरुजु समयमै फछ्र्यौट गर्ने, सरकारी बाँकी असुलउपर गर्ने र बेरुजु न्यूनीकरण गर्ने प्रक्रियालाई व्यवस्थित गरिएको अर्थमन्त्रालयले जनाएको छ ।

नयाँ व्यवस्था अनुसार बेरुजुलाई असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन प्रकारमा वर्गीकरण गरिनेछ । त्यसका लागि व्यवस्थित अभिलेख राख्ने र नियमित सम्परीक्षण गराउने व्यवस्था रहेको अर्थमन्त्री युवराज भट्टराईले जनाएको छ ।

उनका अनुसार कार्यविधिले बेरुजु फछ्र्यौटमा लापरबाही गर्नेलाई जिम्मेवार बनाउँदै पाँच वर्षसम्म पनि फछ्र्यौट वा असुलउपर

हुन नसकेका बेरुजुलाई सरकारी बाँकीसरह लगत कायम गर्ने व्यवस्था गरेको छ । त्यस्तो रकम असुल गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित व्यक्तिको बैंक खाता तथा जायजेथा रोक्का गर्ने, लिलाम बिक्री गर्ने र आवश्यक कानुनी कारबाही अघि बढाउन सकिनेछ ।

त्यस्तै, तोकिएको समयभित्र पेस्की फछ्र्यौट नगरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गरिने व्यवस्था गरिएको छ । प्रत्येक आर्थिक वर्षको भदौ १५ गतेभित्र सम्बन्धित कार्यालयले बेरुजु फछ्र्यौट कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य प्रावधानसमेत राखिएको छ ।

बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाउन कार्यालयहरूलाई वार्षिक बेरुजुको मात्राका आधारमा 'क', 'ख', 'ग' र 'घ' वर्गमा विभाजन गरी निश्चित लक्ष्य निर्धारण गरिनेछ ।

कार्यविधिले दण्डात्मक व्यवस्थासँगै प्रोत्साहनलाई पनि प्राथमिकता दिएको छ । समयमै बेरुजु फछ्र्यौट तथा न्यूनीकरण गर्ने उत्कृष्ट कार्यालय, कार्यालय प्रमुख र आर्थिक कारोबारमा संलग्न कर्मचारीलाई २५ हजार रुपैयाँसम्म नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरिएको छ ।

अर्थमन्त्री भट्टराईले सार्वजनिक स्रोतको सही सदुपयोग, वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्दै प्रदेशलाई बेरुजुमुक्त बनाउने अभियानमा नयाँ कार्यविधि महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरेका छन् ।

उनले आर्थिक कारोबारमा संलग्न सबै पदाधिकारी तथा कर्मचारीलाई कार्यविधिले तोकेको समयसीमाभित्र जिम्मेवारीपूर्वक बेरुजु फछ्र्यौट गर्न निर्देशनसमेत दिएका छन् । प्रदेश सरकारले नयाँ कार्यविधिको प्रभावकारी कार्यान्वयनबाट सरकारी खर्च प्रणालीलाई थप पारदर्शी, मितव्ययी र नतिजामुखी बनाउनुका साथै वित्तीय सुशासन सुदृढ हुने विश्वास लिएको छ ।

सुरक्षित आवास कार्यक्रम प्रदेशभरि लागू गर्नुपर्नेमा जोड

टुडे समाचारदाता

जनकपुरधाम । आर्थिक अवस्था कमजोर तथा विपन्न परिवारलाई सुरक्षित आवासमा पहुँच सुनिश्चित गर्न मधेस प्रदेशका आठवटै जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तार गर्नुपर्नेमा सरोकारहरुले जोड दिएका छन् ।

जनकपुरधाममा आयोजित एक कार्यक्रममा सहभागी सरोकारवालाहरुले सुरक्षित आवास निर्माणसँगै आवास वित्त, लघु बीमा तथा वित्तीय र डिजिटल साक्षरताको पहुँच विस्तार गर्न सके विपन्न परिवारको आवास सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्नेमा जोड दिए ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य सुरिताकुमारी साहले सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएकाले यसलाई विपद् जोखिम न्यूनीकरणसँग जोडेर अघि बढाउनुपर्ने भनिन् ।

आर्थिक अवस्था कमजोर भएका परिवारलाई सुरक्षित आवास निर्माणमा सहयोग पुऱ्याउन सरकार, स्थानीय तह र सम्बन्धित संस्थाबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता कार्यक्रम मधेस प्रदेशका आठवटै जिल्लामा विस्तार गरी लक्षित समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले विपन्न समुदायको आवासमा पहुँच पुऱ्याउन आवास कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुहुँदै पछिल्लो समय मधेस प्रदेशमा सञ्चालित आवास कार्यक्रमहरू बनेको बताए ।

तीनै तहका सरकार तथा सरोकारवालाबीच समन्वय सुदृढ गर्दै सुरक्षित आवास, आवाससम्बन्धी वित्तीय सेवा, लघु बीमा र डिजिटल वित्तीय सेवामा समुदायको पहुँच विस्तार गर्ने सम्भावना पहिचान गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा स्थानीय तह, प्रदेशस्तरीय निकाय, राष्ट्रिय नियामक संस्था, वित्तीय सेवा प्रदायक तथा विकास साझेदार संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा सुरक्षित आवास, आवास वित्त, लघु आवास बीमा तथा वित्तीय र डिजिटल साक्षरताका विषयमा छलफल गरिएको थियो । सुरक्षित आवास कार्यक्रमलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्था, वित्तीय सेवाको पहुँच, संस्थागत समन्वय तथा स्थानीय तहको भूमिकालाई थप सुदृढ बनाउनुपर्ने विषयमासमेत छलफल भएको थियो ।

आदिवासी जनजाति महोत्सव शुरु

टुडे समाचारदाता

राजविराज । सप्तरीको सप्तकोशी नगरपालिका-५ स्थित गंगाजलीमा शनिवारदेखि दुई दिने आदिवासी जनजाति साहित्य महोत्सव-२०८३ सुरु भएको छ ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले आदिवासी जनजातिका परम्परागत बाजागाजा बजाएर महोत्सवको उद्घाटन गरेका हुन् । परम्परागत सांस्कृतिक बाजागाजासहित गरिएको उद्घाटनपछि औपचारिक कार्यक्रम सुरु भएको थियो ।

सप्तकोशी नगरपालिका-५ नम्बर वडा कार्यालयको आयोजनामा सञ्चालन भइरहेको महोत्सवको उद्घाटन समारोह वडाध्यक्ष गोसाई चौधरीको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्तिक १४ र १५ गते गरी दुई दिनसम्म सञ्चालन हुने महोत्सवले आदिवासी जनजाति समुदायको भाषा, साहित्य, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्याउने विश्वास गरिएको छ ।

महोत्सवमार्फत आदिवासी जनजातिको साहित्यिक तथा सांस्कृतिक पहिचानलाई उजागर गर्दै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्ने उद्देश्य राखिएको छ ।

सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्न पाँच बुँदे निर्णय

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको स्थानीय प्रशासनले छठ पर्वको दृष्टिगत गर्दै सिर्सिया नदीको प्रदूषण नियन्त्रण तथा दीर्घकालीन पुनःस्थापनाका लागि पहल थालेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले शनिबार जिल्ला प्रशासन कार्यालयमा सर्वदलीय तथा सर्वपक्षीय बैठक बोलाएर नदी प्रदूषण नियन्त्रणका लागि पाँचबुँदे निर्णय गराएका हुन् । बैठकमा विगतमा सिर्सिया नदी प्रदूषण नियन्त्रणका सम्बन्धमा भएका निर्णय र कामकारबाहीको समीक्षा गर्दै ती निर्णय कार्यान्वयनमा जोड दिएको छ ।

औद्योगिक करिडोरका उद्योगहरूले प्रशोधन नगरेको रासायनिक पानी नदीमा मिसाउन नपाउने निर्णय गरिएको छ । प्रत्येक उद्योगले आफ्नो बहिर्गमन प्रशोधन केन्द्र (इफ्लुएन्ट ट्रिटमेन्ट प्लान्ट-ईटीपी) २४ सै घण्टा पूर्ण क्षमतामा सञ्चालन

गर्नुपर्ने निर्णय पनि बैठकले गरेको छ । उद्योगबाट निस्कने फोहोर तथा अन्य वस्तु नदीमा विसर्जन गर्न पूर्ण रूपमा रोक लगाउने र प्रशोधित पानी मात्र नदीमा छोड्न लगाउने निर्णय भएको छ ।

व्यक्तिगत रूपमा प्रशोधन केन्द्र स्थापना गर्न नसक्ने साना तथा मझौला उद्योगका लागि उद्योग वाणिज्य संघको अगुवाइ र सरकारी अनुदानमा साझा प्रशोधन केन्द्र (कम्बाइन्ड इफ्लुएन्ट ट्रिटमेन्ट प्लान्ट-सीईटीपी) निर्माण गर्ने प्रक्रिया अघि बढाइने भएको छ। त्यसका लागि आवश्यक जग्गा पहिचान तथा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने निर्णय गरिएको छ ।

त्यस्तै, सिर्सिया नदीको दीर्घकालीन पुनःस्थापनाका लागि संघीय तथा प्रदेश सरकारसँग प्राविधिक सहयोग लिने र वीरगञ्ज महानगरपालिका तथा आसपासका पालिकाले सहरको मुख्य ढल नदीमा मिसिन नदिन तत्काल वैकल्पिक नाला (इन्टरसेप्सन ड्रेन) निर्माण गरी ढल डाइभर्सन गर्ने निर्णय बैठकले गरेको छ ।

तीनै तहका सरकारको बजेट साझेदारीमा 'सिर्सिया नदी संरक्षण संयुक्त कोष' स्थापना गर्ने प्रक्रिया पनि अघि बढाइने प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए । आसन्न छठ पर्वलाई लक्षित गरी नदीमा पूजाआजा गर्ने तथा व्रतालुहरूको सुविधाका लागि विशेष व्यवस्था मिलाउने निर्णयसमेत बैठकले गरेको छ ।

नदीलाई सफा र स्वच्छ राख्न उद्योगबाट निस्कने फोहोर तथा प्रदूषित पानीको विसर्जन रोक्न प्रभावकारी अनुगमन र नियन्त्रणमा जोड दिइएको छ । बैठकले सिर्सिया नदीलाई दीर्घकालीन रूपमा स्वच्छ तथा प्रदूषणरहित बनाउन नीतिगत, कानुनी र संरचनागत सुधारका साथै आवश्यक स्रोतसाधनको व्यवस्थापनमा सबै सरोकारवाला पक्षले पहल गर्ने निष्कर्ष निकालेको छ ।

बैठकमा वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित विभिन्न राजनीतिक दल, सरकारी निकाय तथा सरोकारवाला पक्षका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

गलत तरिकाले अपांगता परिचयपत्र बनाउने कर्मचारी दोषी ठहर

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको पोखरिया नगरपालिकाका दुई कर्मचारी र एक सेवाग्राहीलाई गलत विवरण उल्लेख गरी पूर्ण अपांगताको परिचयपत्र जारी गरेको आरोपमा विशेष अदालतले दोषी ठहर गरेको छ । अदालतले तीनै जनालाई जनही तीन महिना कैद र १० हजार रुपैयाँ जरिवाना गरेको हो ।

विशेष अदालतको इजलास नम्बर १ का न्यायाधीश बासुदेव आचार्य तथा सदस्य न्यायाधीश हेमन्त रावल र उमेश कोइरालाको इजलासले मुद्दा नम्बर ०८२-ऋच-०१७४ मा नेपाल सरकार विरुद्ध संजयकुमार पाण्डेयसमेतको मुद्दामा यस्तो फैसला गरेको हो। मुद्दा गलत विवरणका आधारमा परिचयपत्र जारी गरी भ्रष्टाचार गरेको अभियोगमा दायर भएको थियो ।

महेन्द्र राउत कुर्मीले २०७८ भदौ १६ गते पोखरिया नगरपालिकामा अपाङ्गता परिचयपत्र पाउँ भनी निवेदन दिएका थिए । नगरपालिकाको अपाङ्गता समन्वय समितिले २०७८ असोज ११ गतेको बैठकबाट उनलाई 'य' वर्गको परिचयपत्र जारी गर्ने निर्णय गरेको थियो ।

तर, निर्णयविपरीत २०७८ चैत २३ गते उनलाई पूर्ण अपांगता जनाउने 'क' वर्गको परिचयपत्र जारी गरिएको थियो। सोही परिचयपत्रका आधारमा कुर्मीले २०७९ वैशाखदेखि सामाजिक सुरक्षा भत्ता बुझ्न थालेका थिए ।

अदालतले पोखरिया नगरपालिकाको अपाङ्ग शाखामा कार्यरत कर्मचारी अम्बिका महतो खुलवटले पूर्ण अपाङ्गताको परिचयपत्र तयार पारेको र अधिकृत संजयकुमार पाण्डेयले त्यसलाई प्रमाणित गरेको ठहर गरेको छ । गलत विवरण उल्लेख गरी परिचयपत्र तयार पारिएको पुष्टि भएकाले दुवै कर्मचारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अन्तर्गतको कसुर गरेको अदालतको निष्कर्ष छ ।

त्यस्तै, गलत विवरणका आधारमा परिचयपत्र लिने महेन्द्र राउत कुर्मीलाई मतियारका रूपमा भ्रष्टाचार निवारण ऐनको दफा १२ अन्तर्गतको कसुरमा दोषी ठहर गरिएको छ । सजाय निर्धारण गर्दा अदालतले संजयकुमार पाण्डेय र अम्बिका महतो खुलवटलाई दफा ९ बमोजिम तथा कुर्मीलाई दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जनही तीन महिना कैद र १० हजार रुपैयाँ जरिवाना सुनाएको हो ।

यसका अतिरिक्त अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) बमोजिम तीनै जनाबाट जनही ४ सय रुपैयाँ क्षतिपूर्ति शुल्क असुल गरी कोषमा जम्मा गर्न पनि अदालतले आदेश दिएको छ । यद्यपि, भ्रष्टाचार निवारण ऐनको दफा ११ र १७ अन्तर्गत लगाइएको आरोप भने अदालतले पुष्टि हुन नसकेको ठहर गरेको छ ।

कुर्मीले सामाजिक सुरक्षा भत्ताबापत बुझेको रकममध्ये जम्मा दुई लाख १० हजार ६८३ रुपैयाँ राजस्व व्यवस्थापन सूचना प्रणालीमार्फत फिर्ता गरिसकेको तथा निर्णय अभिलेखमा केरमेट गरी सच्याउने कार्य कसले गरेको हो भन्ने यकिन दाबी गर्न नसकिएकाले ती आरोप खारेज भएका हुन् ।

एकता र अधिकारका लागि संगठित हुन नेपाल बडही समाजको आह्वान

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बडही समाजको छैटौं राष्ट्रिय महाधिवेशन शनिबारदेखिजनकपुरधाममाउद्घाटन सत्र सम्पन्न भएको छ ।

जनकपुरधाममा शनिबार भएको महाधिवेशनको उद्घाटनमा प्रमुख अतिथि प्रा. डा. दिग्विजय ठाकुरले बडही समुदायका सदस्यहरूलाई आपसी एकता, सहकार्य र पारस्परिक सहयोगको भावनासहित सामाजिक गतिविधिमा सक्रिय सहभागिता जनाउन आग्रह गरेका छन् ।

उनले समाज विकासमा बढही समुदायको योगदान अतुलनीय रहे पनि समानता, सामाजिक सम्मान र अन्य जातजातिसरह अधिकार उपभोग गर्नका लागि अझै संघर्ष गर्नुपर्ने अवस्था रहेको बताए । समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक विकासका लागि आफ्नै कार्यकौशल, परम्परागत सीप र दक्षतालाई समयानुकूल परिस्कृत गर्दै अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

प्रा. डा. ठाकुरले समुदायका सदस्यहरूबीच एकअर्कालाई सहयोग गर्ने संस्कृतिको विकास

गर्नुपर्नेमा जोड दिँदै व्यक्तिगत क्षमता र सीपलाई सामूहिक हितसँग जोड्न सके मात्रै समुदायको समग्र विकास सम्भव हुने बताए । उनले सामाजिक पहिचान, अधिकार र सम्मान स्थापित गर्न संगठित प्रयास आवश्यक रहेको उल्लेख गरे ।

सो महाधिवेशनमा सहभागी प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई सम्बोधन गर्दै प्रा.डा. ठाकुरले समाजको हकहित संरक्षण, पहिचानको प्रवर्द्धन र संगठनलाई थप सुदृढ बनाउने विषयमा जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरे । समुदायको एकता, पहिचान, अधिकार, विकास तथा समृद्धिलाई संस्थागत रूपमा अगाडि बढाउन महाधिवेशन महत्वपूर्ण अवसर बन्ने विश्वाससमेत उनले व्यक्त गरे ।

त्यस्तै महाधिवेशनले बडही समाजको भावी कार्यदिशा निर्धारण गर्नुका साथै समुदायभित्र आपसी एकता, सहकार्य र संगठनात्मक सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्य रहेको प्रतिनिधि हेमन्त शर्माले जानकारी दिए ।

उनले महाधिवेशनले आगामी दिनमा समाजले अवलम्बन गर्ने नीति, योजना तथा कार्यक्रमका विषयमा छलफल गर्दै समुदायको हकहित र अधिकार संरक्षणका लागि आवश्यक रणनीति तय गर्ने बताए । यसका साथै, संगठनको नेतृत्व चयनमार्फत संस्थालाई थप गतिशील र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

उद्घाटन सत्र सम्पन्न भएपछि केन्द्रीय समितिका विभिन्न पदका लागि इच्छुक प्रतिनिधिहरूले उम्मेदवारी दिन नाम मनोनयन दर्ता गराएका छन् । त्यसपछि सञ्चालन हुने बन्दसत्रमा संगठनका भावी योजना, नीति तथा कार्यक्रमलगायतका विषयमा छलफल हुने प्रतिनिधि शर्माले बताए ।

बन्दसत्र सम्पन्न भएपछि आइतबार नयाँ केन्द्रीय समितिको चयन गरिने उनले बताए । नयाँ नेतृत्वले समाजको संगठनात्मक सुदृढीकरण, सामुदायिक एकता, सामाजिक पहिचान र अधिकार प्राप्तिका सवाललाई प्राथमिकतामा राखेर काम गर्ने अपेक्षा गरिएको छ ।

समुदायको सामाजिक, सांस्कृतिक तथा आर्थिक विकासका मुद्दालाई साझा एजेन्डाका रूपमा अघि बढाउँदै नयाँ नेतृत्व चयन गर्ने र आगामी कार्यदिशा तय गर्ने उद्देश्यसहित आयोजित नेपाल बडही समाजको छैटौं राष्ट्रिय महाधिवेशनलाई समुदायको संगठनात्मक विकासका दृष्टिले महत्वपूर्ण रूपमा हेरिएको छ ।

आइतबारसम्म चल्ने यस महाधिवेशनमा एक हजार पाँच सय प्रतिनिधि तथा पर्यवेक्षक सहभागी भएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८